# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२८ गते।

# प्रेस विज्ञप्ति

**विषय:** काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत (हाल महानिर्देशक, सूचना तथा प्रसारण बिभाग) प्रदीप परियारसमेत ७ जना उपर सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।

काठमाडौं महानगरपालिकाको सामाखुसी कोरिडोर अन्तर्गत बसुन्धरा देखि म्हेपीसम्मको ढल निर्माण कार्यको ठेक्कामा भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत (हाल महानिर्देशक, सूचना तथा प्रसारण विभाग) प्रदीप परियार, बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरु निर्देशक (अधिकृत दशौं तह) रवीनमान श्रेष्ठ, निर्देशक (अधिकृत दशौं तह) शिवराज अधिकारी, निर्देशक (अधिकृत दशौं तह) बसन्त आचार्य, निर्देशक (अधिकृत दशौं तह) नमराज ढकाल, इन्जिनियर (अधिकृत छैठौं तह) जनार्दन गिरी र खरिद एकाईका सहायक निर्देशक (अधिकृत सातौं) उत्तम दाहालसमेतको मिलेमतो तथा बदनियतमा काठमाडौं महानगरपालिकाको IBF no.06-27-80-81-NCBW-KMC (Sewer Construction Works at Samakhusi Corridor from Basundhara to Mhepi) ठेक्काको खरिद प्रक्रियाको बिभिन्न भूमिकामा संलग्न राष्ट्रसेवक समेतका प्रतिवादीहरुले काठमाडौ महानगरपालिकाका तत्कालीन पदाधिकारीहरु उपर ०७७/०७८ को IFB No. 33-185-077-78-NCBW-KMC, Construction of Teku Building at Teku, KMC-12 खरिद कार्यमा भएको भ्रष्टाचारको सम्वन्धमा विशेष अदालतमा मिति २०७८/०८/२९ गते मुद्दा नं. ०७८-CR-००३१ मा दायर भएको मुद्दामा निर्माण व्यवसायी समानान्तर सेवा प्रा.लि संलग्न भई महानगरपालिकाका तत्कालीन पदाधिकारीहरुलाई विशेष अदालत काठमाडौबाट कसुर कायम गरी सजाय गराउन भूमिका निर्वाह गरे गराएको, सोही ठेक्का IFB No. 33-185-077-78-NCBW-KMC, Construction of Teku Building at Teku, KMC-12 को खरिद कार्यसँग सम्वन्धित भुक्तानीको सम्बन्धमा उच्च अदालत पाटन, नेपाल मध्यस्थता परिषदसमेतमा काठमाडौं महानगरपालिका समेतलाई विपक्ष बनाई निवेदन दिएकोसमेत देखिएकोवाट सोही कार्यसमेतको कारण बदनियत राखी काठमाडौ महानगरपालिकाको प्रस्तुत मुद्दासँग सम्वन्धित IBF No. 06-27-80-81-NCBW-KMC (Sewer Construction Works at Samakhusi Corridor from Basundhara to Mhepi) को ठेक्का निर्माण व्यवसायी समानान्तर सेवा प्रा.लि लाई नदिन/अयोग्य गर्नको लागि नै उक्त ठेक्कामा Pending litigation नहुने विषयलाई Pending litigation रहेको भनी बदनियत राखी अपव्याख्या गरी गराई मनसाय पूर्वक गलत मूल्याङ्कन प्रतिवेदन खडा गरी गराई सोही मूल्याङ्कनसमेतको आधारमा तल तालिका नं.१ बमोजिमको सरकारी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको देखिएको:

**तालिका नं. १**

| क्र.स | लागत अनुमान रु. | बोलपत्रदाता | आर्थिक प्रस्ताव (भ्याट समेत) रु. | लागत अनुमान भन्दा फरक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | २४,१७,३६,४४०.७३ | कल्पबृक्ष-कोहिनूर जे.भी (L2) | २२,४०,९४,६१२.९५ | १,७६,४१,८२७.७८ (७.३% घटी) | बोलपत्र स्वीकृत भई सम्झौता भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | | समानान्तर निर्माण सेवा प्रालि (L1) | १८,०९,२२,३२५.६३ | ६,०८,१४,११५.१० (२५.१६%) | प्राविधिक प्रस्तावको मूल्याङ्कनमा Pending Litigation को कारण देखाई अनुत्तिर्ण गरे गराएको। |
| ३. | **हानिनोक्सानी गरे गराएको रकम** (१-२) | | **४,३१,७२,२८७.३२** | | |

माथि तालिका नं.१ मा विस्तृत विश्लेषण गरिए बमोजिम सबैभन्दा कम अंक रु.१८,०९,२२,३२५।६३ कवोल गर्ने निर्माण व्यवसायी समानन्तर सेवा प्रा.लि लाई अयोग्य ठहर गरी गराई दोस्रो कम कवोल अंक रु.२२,४०,९४,६१२।९५ प्रस्ताव गर्ने निर्माण व्यवसायी कल्पवृक्ष-कोहिनुर जे.भि.सँग सम्झौता गरे गराई रु.४,३१,७२,२८७।३२ (अक्षरेपी चार करोड एकतीस लाख बहत्तरहजार दुईसय सतासी रूपैया बत्तीस पैसा) बराबरको रकम प्रतिवादीहरुले आफ्नो पदको दुरुपयोग गरी गराई काठमाडौ महानगरपालिका/सार्वजनिक संस्थाको सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गरे गराएको तथ्य स्थापित भएको देखिएकोले निज प्रतिवादीहरुले बदनियत राखी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुने समेतको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.४,३१,७२,२८७।३२ (अक्षरेपी चार करोड एकतीस लाख बहत्तरहजार दुईसय सतासी रूपैया बत्तीस पैसा) कायम गरी देहाय बमोजिमका प्रतिवादीहरुका हकमा देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय तथा बिगो असुल उपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत (हाल महानिर्देशक, सूचना तथा प्रसारण बिभाग) **प्रदीप परियार** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन, सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | काठमाडौं महानगरपालिकाका निर्देशक **रबीनमान श्रेष्ठ** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन, |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको छ। |
| ३. | काठमाडौं महानगरपालिकाका निर्देशक **शिवराज अधिकारी** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन,<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको छ। |
| ४. | काठमाडौं महानगरपालिकाका निर्देशक **वसन्त आचार्य** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको छ। |
| ५. | काठमाडौं महानगरपालिकाका निर्देशक **नमराज ढकाल** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन,<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा |

| | | | |
|---|---|---|---|
| | | | १९ को उपदफा (२) बमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको तथा दफा १९ उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | काठमाडौं महानगरपालिकाका सहायक निर्देशक **उत्तम दाहाल** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन  मागदाबी लिइएको छ। |
| ७. | काठमाडौं महानगरपालिकाका इन्जिनियर **जनार्दन गिरी** | रु.४,३१,७२,२८७।३२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा **भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)** को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र **भ्रष्टाचार निवारण ऐन, २०५९ को** दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन,<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको छ। |

**सहायक प्रवक्ता**

**देवी प्रसाद थपलिया**